# मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

## मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)


## भाग–२

# लैंगिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

मल्लरानी गाउँपालिकाभित्र लैङ्गिक हिंसा बाट पीडित तथा प्रभावित (महिला तथा किशोरी) हरुलाई तत्काल उद्धार, औषधी उपचार,कानुनी सहायता ,मनोवैज्ञानिक उपचार ,राहत तथा पुर्नस्थापना गर्ने कार्यका लागी लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड बनाउन बाञ्छनीय देखिएकाले लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली २०७६ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धि मापदण्ड २०७६ को अधिन एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मल्लरानी गाउँकार्यपालिकाले लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड २०७७ जारी गरेको छ ।

**१). संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम "लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड २०७७" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।



Scanned with CamScanner

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "स्थानीय तह" भन्नाले मल्लरानी गा.पा.को कार्यालय सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

घ) "उद्धार तथा राहत समिति" भन्नाले दफा ६ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

(च) "मापदण्ड" भन्नाले मल्लरानी गा.पा. मा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्चको मापदण्ड २०७७ सम्झनुपर्छ ।

(छ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजि जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपदर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पिडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँदछ ।

(ज) "घरेलू हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।

(झ) "रकम भन्नाले" लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि प्रदान गरिएको रकम सम्झनुपर्छ ।

३. **कोषको स्थापना :**

(१) स्थानीय लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) संघीय सरकार बाट प्राप्त रकम,

(ख) प्रदेश तथा स्थानीय तहवाट प्राप्त रकम ,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

४. **कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागी व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न ।

(च) पुनर्स्थापना गराउन,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पती नभएको



Scanned with CamScanner

कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा ।

(ज) पीडितको लागि तोके बमोजिमको अन्य काममा ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम दफा ४ को उपदफा १ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उद्धार तथा राहत समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**६. उद्धार तथा राहत समितिको गठन :**

(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि मल्लरानी गा.पा. मा एक तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ-

१) मल्लरानी गा.पा. उपाध्यक्ष - संयोजक
२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
३) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
४) स्थानीय प्रहरी प्रमुख - सदस्य
५) स्वास्थ्य शाखा प्रमुख - सदस्य
६) शिक्षा शाखा प्रमुख - सदस्य
७) कानून अधिकृत - सदस्य
८) महिला अधिकारकर्मी - सदस्य
९) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट राहत समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य
१०) सामाजिक विकास शाखा प्रमुख - सदस्य
११) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिब

**७. उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार :** उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितहरुलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको उद्धार गर्न, पुर्नस्थापना गर्न एवमं राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु सँग समन्वय गर्ने,

(ङ) लैङ्गिक हिंसा हुन नदिनको लागि वडास्तर/पालिका स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) लैङ्गिक हिंसा पीडित तथा प्रभावित सम्वन्धी अन्य काम गर्ने वा गराउने,



Scanned with CamScanner

**८. समितिको बैठक सम्बन्धी व्यवस्था :**

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ग) समितिका ५०% भन्दा वढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस मापदण्ड बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रति दिन तीनसय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रति दिन पाँचसय रुपैयाँको दरले बढीमा पाँचहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँचसय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च पीडितसँग आश्रित वालवच्चा भए वालवालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नका लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई गा.पा. कार्यालय/महिला तथा वालवालिका शाखा वा स्थानीय तत्काल उद्धार तथा राहत समितिमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले दफा ९ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।



Scanned with CamScanner

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको,एसिड प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानविय क्षती हुने देखिएमा र उद्धार तथा राहत समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा उद्धार तथा राहत समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिब रकम कोषबाट पीडीतलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी राहत तथा उद्धार समितिका संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएको त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने राहत तथा उद्धार समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१२. छुट्टै खाता खोल्नुपर्ने :**

(१) स्थानीय लैङ्गिक हिंसा निवारण कोषको लागि प्राप्त रकम नेपाल बैंक लि. वा अन्य बैंकबाट समितिको निर्णय अनुसार छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३ रकम फ्रिज नहुने :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम फ्रिज नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४ प्रतिवेदन पेश गर्ने :** तत्काल उद्धार तथा राहत समितिले सो समितिवाट भए गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक वर्ष गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**१५ बैठक भत्ता :**

यस समितिका संयोजक र सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

कोषको लेखा र लेखा परीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रकृया बमोजिम हुनेछ ।

**१७. निर्देशन दिन सक्ने :**

(१) गाउँकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम कार्यपालिकाले दिएको निर्देशन पालना गर्न समितिको कर्तव्य हुनेछ ।



Scanned with CamScanner

**अनुसूची-१**
**(दफा १० सँग सम्बन्धित)**

**विषय : सहयोग उपलब्ध गराइपाऊँ ।**

श्री अध्यक्षज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति........................।

म................................मा बस्ने वर्ष.........को .................... मिति ..........मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (..................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य...........कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक
नाम, थर :
ठेगाना :
दस्तखत :
मिति :

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner